# गोदावरी नगरपालिका
## गोदावरी नगरकार्यपालिकाद्वारा प्रकाशित

# ग्रामीण अल्ट्रासाउण्ड सेवा संचालन कार्यविधि,२०८१

गोदावरी नगरपालिका,ललितपुर

**प्रस्तावनाः** नेपालको संबिधान,स्थानीय सरकार संचालन ऐन,२०७४ र नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आमनागरिकलाई सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी बहन गर्न,ग्रामीण भेगका गर्भवती आमाहरूलाई सदरमुकाम नै जानु पर्ने बाध्यता हटाउन,समुदायमा निदानात्मक स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी प्रजनन तथा सुरक्षित मातृत्व स्वास्थ्यको हेरचाह मार्फत मातृ तथा शिशु स्वास्थ्य प्रवर्धन एवं मातृ तथा नवशिशु मृत्य घटाउने दिगो विकास लक्ष्य प्राप्तिको लागि योगदान पुर्याउन ग्रामीण अल्ट्रासाउण्ड सेवा संचालन सम्बन्धि कार्यविधि व्यवस्था गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गोदावरी नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१
## प्राम्भिक

**<u>१.संक्षिप्त नाम र प्रारम्भः</u>**

**(१) यस कार्यविधिको नाम** ग्रामीण अल्ट्रासाउण्ड सेवा संचालन कार्यविधि,२०८१ रहेको छ ।

(२) यो कार्यविधि गोदावरी नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**<u>२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा</u>**

(क) ग्रामीण अल्ट्रासाउण्ड सेवा भन्नाले गोदावरी नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा तालिम प्राप्त चिकित्सक,नर्स र स्वास्थ्य कार्यकर्ताद्वारा आवधिक र नियमित रुपमा गर्भवती महिलालाई निशुल्क दिईने अल्ट्रासोनोग्राम जांच सेवालाई सम्झनु पर्दछ ।

(ख) दक्ष चिकित्सक,नर्स र स्वास्थ्य कार्यकर्ता भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको स्वास्थ्य तालिम केन्द्र द्वारा स्वीकृत ग्रामीण अल्ट्रासाउण्ड सेवा सम्बन्धी तालिम वा सो सरहको तालिम वा योग्यता प्राप्त चिकित्सक,नर्स र स्वास्थ्य कार्यकर्तालाई सम्झनु पर्दछ ।

(ग) पायक पर्ने स्वास्थ्य संस्था भन्नाले गोदावरी नगरपालिका मातहतका प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य केन्द्र लगायत स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(घ) गर्भवती महिला भन्नाले गोदावरी नगरपालिकाको क्षेत्र भित्र बसोबास भएको गर्भवती आमाहरुलाई सम्झनु पर्दछ ।

(ङ) पालिका भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्दछ ।

(च) कार्यालय भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ज) नागरिक भन्नाले गोदावरी नगरपालिकामा बसोबास गर्ने नागरिकलाई सम्झनु पर्दछ ।

(झ) जनस्वास्थ्य कार्यालय भन्नाले जनस्वास्थ्य कार्यालय ललितपुर लाई सम्झनु पर्दछ ।

(?) कार्य्रक्रम भन्नाले ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रमलाई सम्झनु पर्दछ ।

**(३) उदेश्यः**

(१) गर्भावास्थाको निदानात्मक जांच गरी गर्भवती आमा तथा शिशुको स्वास्थ्य अवस्था तथा जटिलता पहिचान गरी जटिलता अवस्थाका गर्भवती आमालाई प्रेषणा गरी मातृशिशु स्वास्थ्य प्रवर्द्धन एवं मातृ तथा नवशिशु मृत्यु घटाउने प्रमुख उदेश्य सहित देहायका उदेश्य हुनेछ ।

(क) गर्भ संग सम्बन्धित जटिलता समयमा नै पहिचान गरी प्रेषणा गर्ने ।

(ख) नवाशिशुमा हुने जन्मजात अपांगता पहिचान र रोकथाम तथा प्रेषणा गर्ने ।

(ग) गोदावरी नगरपालिका भित्रका ग्रामिण भेगका बिपन्न र दलित समुदायमा रहेको उच्च मातृ तथा नवाशिशु मृत्युदरमा कमि ल्याउने ।

(घ) मातृ तथा नवाशिशु स्वास्थ्यका कार्यक्रमहरुमा समुदायमा तथा स्थानीय बीच सहकार्य बढाउने ।

(ङ) नियमित गर्भजांच र संस्थागत सुत्केरी/प्रसुती सेवाको उपयोगितामा वृद्धि गर्ने ।

## परिच्छेद -२

**४.ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रम तथा व्यवस्थापन सम्बन्धी प्रक्रियाः**

(१)कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) ग्रामीण अल्ट्रासाउण्ड सेवा पूर्ण तया गर्भवती महिला लक्षित हुनेछ ।

(ख)यो कार्यक्रम गोदावरी नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थाहरुबाट मात्र उपलब्ध हुनेछ ।

(ग) कार्यक्रमलाई प्रभाकारी रुपमा संचालनको निमित्त नगरपालिका स्तरीय अनुगमन समितिको गठन हुने छ ।

(घ)कार्यक्रमको समन्वय, तालिका बनाउने काम स्वास्थ्य शाखाले गर्ने छ र सेवा प्रदान गर्ने व्याक्तिहरु एवं अनुगमनको लागि सुविधाको व्यवस्था गर्ने काम नगरपालिकाले गर्नेछ।

(ङ)ग्रामीण अल्ट्रासाउण्ड सेवा प्रदान गर्न एकजना तालिम प्राप्त प्राप्त चिकित्सक,नर्स र स्वास्थ्य कार्यकर्ता, एक जना सहयोगी र एक जना स्वास्थ्य शाखाका कर्मचारी परिचालन गरिनेछ ।

(च)भिडियो एक्सरे गर्न जाने कर्मचारीहरु २ जनालाई व्याग र रेनकोटको व्यवस्था एवम विविध खर्चको व्यवस्था नगरपालिकाले गर्नेछ ।

(छ) सेवा प्रदायकले कार्यक्रमको सेवा अभिलेख अनुसूची १ बमोजिम राखी अनुसूची २ बमोजिम मासिक एबम बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित स्वास्थ्य संस्था,स्वास्थ्य शाखा तथा जनस्वास्थ्य कार्यालयमा पठाउनु पर्नेछ ।

(ज)ग्रामीण भिडियो एक्सरे सेवा प्रदान गर्नको लागि आवश्यक रजिष्टर, फर्म Gel, video x-ray paper को आवश्यकता अनुसार खरिद गरी व्यवस्था स्वास्थ्य शाखाले गर्नेछ ।

(झ) भिडियो एक्सरे सेवा प्रदान गर्न जाने कर्मचारीलाइ प्रतिदिन, प्रति संस्था रु १५००। सहयोगी लाई रु १००० र स्वास्थ्य शाखाबाट सहजीकरण गर्ने प्रमुख वा कर्मचारीलाई रु १५०० को दरले उपलब्ध गरिनेछ ।

(?) कार्यक्रमको प्रभावकारीताको लागि निरन्तर रुपमा सहजिकरण, अनुगमन र रेखदेख गर्ने काम नगरपालिका, वडा कार्यालय र स्वास्थ्य शाखाले गर्नेछ ।

**५.ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रम संचालन मापदण्ड :**

(क) गर्भवती महिलालाई गर्भ अवधिभरी ४ पटक तालिका बमोजिम सेवा प्रदान गर्नु पर्नेछ ।

(ख) USG गर्दा जटिलता देखा परेका गर्भवती महिलाहरुलाई समयमै CEONC सेवा भएको सरकारी अस्पतालमा समन्वय गरी विशेषज्ञ चिकित्सकसँग परामर्श लिन वा जाँचगर्न पठाउनु पर्नेछ ।

(ग) गर्भवती महिलासंगको प्रत्येक भेटमा सेवा प्रदायकले अल्ट्रासोनोग्राम पुनः अनुगमन जाँचको लागि आउने समयको सिफारिस एबम सल्लाह दिनु पर्नेछ ।

**६.ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रमको अनुगमन समिति :**

(क) ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमको प्राविधिक तथा व्यवस्थापकीय पक्षलाई प्रभावकारी रुपमा कार्वान्यनका लागि देहाय बमोजिमको अनुगमन समिति रहने छ ।

(१) नगर उपप्रमुख - संयोजक

(२) महिला बिकास अधिकृत- सदस्य

(३) स्वास्थ्य शाखा प्रमुख -सदस्य

**७.कार्यक्रम सम्पर्क शाखाको जिम्मेवारी :** ग्रामिण अल्ट्रासाउण्ड सेवा कार्यक्रमको सम्पर्क शाखाको रुपमा स्वास्थ्य शाखालाई सम्पूर्ण जिम्मेवारी हुनेछ ।

**८.कार्यक्रम सम्पर्क व्यक्तिको जिम्मेवारीः** ग्रामिण अल्ट्रासाउण्ड सेवा कार्यक्रमको सम्पर्क व्यक्तिको रुपमा स्वास्थ्य शाखामा कार्यरत नार्सिङ्ग कर्मचारीलाई सम्पूर्ण जिम्मेवारी हुनेछ ।

## परिच्छेद -३

**९.बाधा अड्काउ फुकाउन सक्ने :** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१०.कार्यविधिको संसोधन तथा परिमार्जनः**कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संसोधन र परिमार्जन गर्न सक्नेछ ।

**११.अनुसूचीमा हेरफेर तथा थपघट** :कार्यपालिकाले यस कार्यक्रम संग सम्बधित अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने छ ।

**१२.अमान्य हुनेः**यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु संघिय,प्रादेशिक तथा गोदावरी नगरपालिकाको मूल कानुन संग बाझिएको हद सम्म स्वत अमान्य हुनेछ ।

**१३.कारवाही** :यस कार्यविधि बिपरित कार्य गर्न गराउन वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

गोदावरी नगरपालिका, ललितपुर

# अनुसूची १

(नियम ४ को उपनियम (१)
छ संग सम्बन्धित ग्रामीण
अल्ट्रासाउण्ड सेवा रजिस्टर)
Portable Ultrasound Service register

District    Name of HF    Ward
No.    Fiscal Year

<table>
<tr><th>S.N.</th><th>Basic Information</th><th>Woman and Pregnancy</th><th>First Trimester</th><th colspan="4">Status</th><th>Second Trimester</th><th>Third Trimester</th><th>Other Visit 1</th><th>Other Visit 2</th><th>Other Visit 3</th><th>Other Complications</th><th>Refer</th><th>Refer to</th><th>Causes of Refer</th><th>Outcome of Refer</th></tr>
<tr><td>1</td><td>2</td><td>3</td><td>4</td><td colspan="4">5</td><td>6</td><td>7</td><td>8</td><td>9</td><td>10</td><td>11</td><td>12</td><td>13</td><td>14</td><td>15</td></tr>
<tr><td rowspan="6"></td><td>M.R. No.</td><td rowspan="6"></td><td>Scan Date</td><td colspan="2">DD/MM/YY</td><td colspan="2">Scan Date</td><td>DD/MM/YY</td><td>DD/MM/YY</td><td>DD/MM/YY</td><td>DD/MM/YY</td><td>DD/MM/YY</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="3">Period Of Gestation</td><td></td><td>Period of Gestation</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">S.N.No.</td><td colspan="2" rowspan="3">Ectopic Pregnancy</td><td>Yes</td><td>1</td><td>Biperietal Diameter</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">No</td><td rowspan="2">2</td><td>Head Circuference</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>Abdomen Cicumference</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Cast Code</td><td colspan="3">No.of Gestational Sac</td><td></td><td>Femur Length</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Cardiac Activity | +vE | Presentation | Vertex | | 1 | 1 | 1 | 1 | | | | |
| | Age | | | -Ve | | Breech | | 2 | 2 | 2 | 2 | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Crown Rump Length | | | | Transverse | | 3 | 3 | 3 | 3 | | | | |
| | Contact No. | Gravida | Retained Product of Conception (Abortion) | | Fetal Heart Sound | | | | | | | | | | | |
| | | | | | Fetal Weight | | | | | | | | | | | |
| | Palika Name | Para | Fetus | Live | 1 | Fetus | Live | 1 | 1 | 1 | 1 | 1 | | | | |
| | | | | Dead | 2 | | Dead | 2 | 2 | 2 | 2 | 2 | | | | |
| | Ward No. | LMP | Location of Placenta | Length of Cervix | | | | | | | | | | | | |
| | | DD/MM/YY | | Retained Product of Conception(Abortion) | | | | 1 | | 1 | 1 | 1 | | | | |
| | Village/Tole | EDD | Hydatidiform (Molar Pregnancy) | 1 | Location of Placenta | | | | | | | | | | | |
| | | DD/MM/YY | Refer | 1 | Polyhydraminous | | | 1 | 1 | 1 | 1 | 1 | | | | |
| | | | Refer to.. | | Oligohydraminous | | | 1 | 1 | 1 | 1 | 1 | | | | |
| | | | Cause of Refer | Hydatidiform (Molar Pregnancy) | | | | | 1 | 1 | 1 | 1 | | | | |
| | | | | Placenta Previae | | | | 1 | 1 | 1 | 1 | 1 | | | | |
| | | | Outcome of | Abruptio Placentae | | | | 1 | 1 | 1 | 1 | 1 | | | | |
| | | | | Fetal Abnormality | | | | 1 | 1 | 1 | 1 | 1 | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Referred Patient | Number of Fetus | 1 | 1 | 1 | 1 | 1 | | | | | |

गोदावरी नगरपालिका, ललितपुर

# अनुसूची २

(नियम ४ को उपनियम (१) छ संग सम्बन्धित

ग्रामीण अल्ट्रासाउण्ड सेवा रजिस्टर

Portable Ultrasound Service Monthly Report

Name of Palika: District :Month:

| Description | | | Ward No. of HF/ Mobile Camp | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Ward Number | | | | | | | | | | | | | |
| Findings/Classification of Scan Cases in Number | First Trimester | Total Scan Cases | | | | | | | | | | | |
| | | Ectopic Pregnancy | | | | | | | | | | | |
| | | Multiple Pregnancy | | | | | | | | | | | |
| | | Cardiac Activity-ve | | | | | | | | | | | |
| | | Retained Product of Conception( Abortion) | | | | | | | | | | | |
| | | Fetal Death | | | | | | | | | | | |
| | | Hydatidiform (Molar Pregnancy) | | | | | | | | | | | |
| | | Refer | | | | | | | | | | | |
| | Second Trimester | Total Scan Cases | | | | | | | | | | | |
| | | Intrauterine Fetal Death | | | | | | | | | | | |
| | | Retained Product of Conception(Abortion ) | | | | | | | | | | | |
| | | Polyhydraminous | | | | | | | | | | | |
| | | Oligohydraminous | | | | | | | | | | | |
| | | Hydatidiform (Molar Pregnancy) | | | | | | | | | | | |
| | | Placenta Previa | | | | | | | | | | | |
| | | Abruptio Placentae | | | | | | | | | | | |
| | | Fetal Abnormalities | | | | | | | | | | | |
| | | Multiple Pregnancy | | | | | | | | | | | |
| | | Refer | | | | | | | | | | | |
| | r | Total Scan Cases | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Presentation-Vertex | | | | | | | | | | | |
| | | Presentation-Breech | | | | | | | | | | | |
| | | Presentation-Tranverse | | | | | | | | | | | |
| | | Intrauterine Fetal Death | | | | | | | | | | | |
| | | Retained Product of Conception(Abortion ) | | | | | | | | | | | |
| | | Polyhydraminous | | | | | | | | | | | |
| | | Oligohydraminous | | | | | | | | | | | |
| | | Hydatidiform (Molar Pregnancy) | | | | | | | | | | | |
| | | Placenta Previa | | | | | | | | | | | |
| | | Abruptio Placentae | | | | | | | | | | | |
| | | Fetal Abnormalities | | | | | | | | | | | |
| | | Multiple Pregnancy | | | | | | | | | | | |
| | | Refer | | | | | | | | | | | |
| Other Complications | | | | | | | | | | | | | |
| Total Scan Cases | | | | | | | | | | | | | |
| Total New Cases | | | | | | | | | | | | | |
| Total Repeated Cases | | | | | | | | | | | | | |
| Total Refer Cases | | | | | | | | | | | | | |
| Refer Cases | Details Of Refer Cases | | Refer Case 1 | | Refer Case 2 | | Refer Case 3 | | Refer Case 4 | | Refer Case 5 | | |
| | Refer to.. | | | | | | | | | | | | |
| | Causes of Refer | | | | | | | | | | | | |
| | Outcome of refer Case | | | | | | | | | | | | |

Prepared By: Verified By:

Name :

Designation:

n:

Date:

Name :

Designatio

Date:

गोदावरी नगरपालिका, ललितपुर

गोदावरी नगरपालिका, ललितपुर